# आ.ब. २०८२-८३ को बजेट,नीति तथा कार्यक्रम

आदरणीय गाउँपालिका उपाध्यक्ष ज्यू, कार्यपालिका तथा गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, समाजसेवी, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पुर्ण महानुभावहरु
आदरणीय महानुभावहरु ,

नेपालको ईतिहासमा योजना बद्ध विकासको ईतिहास बिक्रम सम्बत २०१३ सालबाट प्रथम पन्च बर्षिय योजनाको सुरुवात संगै भएको हो तथा हाल १४ औं पन्चबर्षिय योजना कार्यन्वयनमा रहेको छ ।नेपालको ईतिहांसकै प्रथम बजेट बिक्रम सम्बत २००८ साल माघ २१ गते तात्कालिन अर्थ मन्त्री शुवर्ण शम्सेर राणाको कार्यकालमा रु ५ करोड २५ लाख बराबरको आय व्यय बिवरण सहितको बिनियोजन प्रस्ताव जारी गरिएको स्मरण गर्दछु । बजेटरी ईतिहांसको लामो काल खण्डमा नेपालको संबिधान २०७२ लागु भए पश्चात स्थानिय सरकार सञ्चालन ऐन २०७४ को कार्यन्वयन संगै प्रत्यक आर्थिक बर्षको असार १० गते भित्र अनिवार्य रुपमा स्थानिय तहको आय र व्ययको बिवरण सहितको बजेट सभा समक्ष पेश गर्नु पर्ने कानुनी बाध्यता र अवसर दुबै प्राप्त भएको छ । गाएँपालिकाको बिकास निर्माणको लागी आवस्यक पर्ने बित्तीय श्रोतको सिमितताको बाबजुत योजना तथा आयोजनाहरुमा पर्याप्त रकम बिनियोजन हुन सक्ने सम्भावना सिमित भएको वर्तमान परिपेक्षमा सोही मुताबिक आज मिती २०८२ साल असार महिनाको ९ गते यस एकडारा गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बार्षिक बिनियोजनको मार्ग प्रसस्त पार्नको लागी निती **तथा कार्यक्रम एवं आर्थिक बर्ष २०८२।८३ का प्राथमिकताहरु यस सोह्रौं गरिमामय सभा समक्ष पेश गरेको छु ।**

## **आदरणीय** सभाका सदस्य ज्यूहरु

**नेपालको सविंधान २०७२ ले ३ तहको सरकारको परिकल्पना गरेको छ। सविंधानको भाग १७ तथा स्थानिय सरकार सचांलन ऐन २०७४ को परिच्छेद २ बमोजिम यस गाउँपालिकाको गठन गरिएको छ ।नेपालको संविधान २०७२ को व्यवस्था अनुसार अनुसुची ८ मा स्थानिय तहको एकल अधिकार सुची तथा अनुसुची ९ मा स्थानिय तह,प्रदेश र संघको अधिकारको साझा सुची उल्लेख गरिएको छ ।**

**अनुसुची ८ स्थानिय तहको एकल अधिकार सुची**

| क्र.सं. | बिषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |

| | |
|---|---|
| ३ | एफ.एम. सञ्चालन |
| ४ | स्थानीय कर – सम्पती कर,घर बहाल कर,घर जग्गा रजिष्ट्रेशन शुल्क,सवारी साधन कर,सेवा शुल्क दस्तुर,पर्यटन शुल्क,विज्ञापन कर,वुयवसाय कर,भुमी कर-मालपोत _,दण्ड जरिवाना,मनोरञ्जना कर,मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्याङ्क र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका बिकास आयोजना तथा परियोजना |
| ८ | आधारभुत र माध्यामिक शिक्षा |
| ९ | आधाभुत स्वास्थ्य र सरसफाई |
| १० | स्थानीय बजार व्यवस्थापन,वातावरण संरक्षण र जैविक बिबिधता |
| ११ | स्थानीय सडक,ग्रामिण सडक,कृषी सडक,सिंचाई |
| १२ | गाँउ सभा,नगर सभा,जिल्ला सभा,स्थानीय अदालत,मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गा धनी पुर्जा बितरण |
| १५ | कृषी तथा पशुपालन,कृषी उत्पादन व्यवस्थापन,पशु स्वास्थ्य सहकारी |

गाउँपालकिाको काम र कर्तव्य तथा अधिकारहरु संवधािन तथा ऐनमा भएको व्यवस्था मुताविक अगाडी बढाइएको छ। यस गाउँपालिकाको भौगोलिक दीर्घकालीन सोच लक्ष्य उद्देश्य एवम् कार्यहरु तल उल्लेख गरिएको छ ।

## दीर्घकालीन सोच लक्ष्य उद्देश्य

१ दीर्घकालीन सोच (Vision);

जल, जमिन र पर्यावरणको संरक्षण गरी कृषि, पर्यटन र शिक्षा तथा सामाजिक विकास एवं मानव वीकास तथा भौतीक पुर्वाधार विकाससमामा लगानी उच्च जीवनस्तर सहितको समृद्ध गाँउपालिका निर्माण गर्नु यसको दीर्घकालीन सोच हुनेछ।

२ उद्देश्यहरु **(Goals)**

<u>गाउँपालिकाका उद्देश्यहरु (Goals)</u>

संविधान तथा ऐन एवं नियमावलीको व्यवस्था बमोजिम गाउँपालिकाको काम तथा कर्तव्यलाई देहाय अनुसार उद्धेश्यहरुको रुपमा उल्लेख गर्न सकिन्छ ।

- नेपालको संबिधान २०७२ को अनुसुची ८ का एकल अधिकारको सुची तथा अनुसुची ९ बमोजिमको संयुक्त अधिकारको सुची बमोजिमका कार्यहरुसम्पादन गर्ने ।

- विकेन्द्रीकरणको माध्यम द्धारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था गर्ने ।
- आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवसी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने
- योजनाहरुको तर्जुमा र सञ्चालन गर्न आवशयक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरि जवाफदेही बहन गर्न सक्ने स्थानीय निकायहरुको संस्थागत विकास गर्ने ।
- स्थानीय नेतृत्वको विकास गरि जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरुमा निर्णय गर्न सक्ने गरी विश्वव्यापीकरणले ल्याएका अवसरहरुलाई स्थानीयकरण गर्न सक्षम बनाउने ।
- नेपालको संबिधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यन्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्दन गर्ने ।
- जनसहभागीता,उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाहा गर्ने ।
- लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित बितरण गरी कानुनी राज्य र दिगो विकासका अबधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रीक गणतन्त्रात्मक साशन प्रणालिलाई स्थानिय तह देखी नै सुदृढीकरण गर्न आवस्यक कार्य गर्ने
- स्थानिय नेत्रृत्वको विकास गर्दै स्थानिय तहमा स्थानिय साशन पद्धतिलाई सुदृढीकरण गर्दै बिधायकी,कार्यकारिणी तथा न्यायिक अभ्यासलाई संस्थागत तुल्याउने कार्य गर्ने ।

१. "हामी सबैको सहभागितामुलक तथा साझेदारीयुक्त सार्थक प्रयास, एकडाराको गाँउपालिकाको सामाजिक,**आर्थिक,राजनितिक,भौतिक तथा मानव सुचकांकको समग्र विकास**"भन्ने मुख्य सोचका साथ सम्पन्न हुन गइरहेको एकडारा गाउँपालिकाको १४ औं गाउँसभाको अवसरमा देश र जनताको लागि मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलन, लोकतन्त्रको स्थापना तथा आमुल परिवर्तनका निम्ति नेपाली जनताले पटक पटक गर्दैआएका क्रान्ति, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायत सवै प्रकारका आन्दोलनका त्याग र वलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण गर्दै देश र जनताका निम्ति जीवन उत्सर्ग गर्ने अमर शहिदहरु प्रति उच्च श्रद्धाका साथ भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु। त्यस्तै गरी बिभिन्न आन्दोलनका दौरानमा वेपत्ता तथा घाइते हुनुभएका वीर योद्धाहरु र उहाँहरुका पीडित परिवारहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । मुलुकको आर्थिक सम्वृद्धि र स्थानीयस्तरमा लोकतन्त्रको अभ्यास गर्ने अवसर हामीले उपयोग गर्दै आई रहेको यस सन्दर्भमा हामीलाई सहयोग गर्नुहुने सम्पुर्ण

**जनप्रतिनिधिहरु र राजनीतिक दलहरु, सुरक्षार्मी, कर्मचारीहरु, संघीय सरकार, प्रदेश सरकार तथा प्रत्यक्ष अप्रत्यक्ष गाउँपालिकालाई सहयोग पुऱ्याउनुहुने सबैमा धन्यवाद ज्ञापन गर्दछु।**

**सभाका सदस्य ज्यूहरु**

**२.** एकडारा गाँउपालिकाको स्थापना २०७३।१२।०१ मा स्थापना भए पछि मेरो नेतृत्वको दोस्रो स्थानीय सरकारको नीति तथा कार्यक्रमको रुपमा यस गाउँसभामा आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रमको प्रस्तुत गर्न पाउदा म गौरवान्वित भएको छु। हाम्रो अहिलेको स्थानीय सरकारले सवै वडामा कृषि विधुतीकरण, शैक्षिक गुणस्तरमा व्यापक सुधार स्वास्थ्यको गुणस्तर सुधार र भौतिक संरचना निर्माण, आवास निर्माण, वडा कार्यालय भवन निर्माण, जस्ता कार्यक्रमहरु निरन्तर रहेका छन् तथा योजनाबद्ध विकासको लागी **आवधिक योजना निर्माण, ,सडक गुरुयोजना,राजश्व सुधार कार्ययोजना, डिजिटल पार्श्वचित्र निर्माण तथा आन्तरिक नियन्त्रण प्रणाली एवं बेरुजु फर्छ्यौट कार्ययोजना निर्माण** जस्ता कार्यहरु चालु आर्थिक बर्ष भित्र सम्पन्न गरी लागु गरिने छ तथा स्थानीय सेवा प्रवाहालाई चुस्त,दुरुस्त पारी सुशासनमा जोड लगायतका बिषयलाई प्राथमिकतामा राखी हामी अगाडी बढी रहेका छौं | आगामी आर्थिक बर्ष २०८२।८३ मा **गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शिक्षक नियुक्ती तथा एकडाराको प्रशासकीय भवन निर्माण कार्यलाई प्राथमिकतामा राखिने छ ।"हामी सबैको सहभागितामुलक तथा साझेदारीयुक्त सार्थक प्रयास, एकडाराको गाँउपालिकाको सामाजिक,आर्थिक,राजनितिक,भौतिक तथा मानवसुचकांकको समग्र विकास" भन्ने गाँउपालिकाको मुल नारा तय गरिने छ।**

३. स्थानीय सरकार संचालन ऐनले तोकेका स्थानीय तहका अधिकारहरुर आम नागरिकहरुले गरेका अपेक्षाहरु सके सम्म पुरा गर्ने गरी स्थानीय सरकारले अवलम्वन गर्ने नीति र कार्यक्रम लाई नागरिकको चाहना पुरा गर्ने गरी निर्माण गरिएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको वारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।**नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम एकडारा गाउँपालिकाको आ.ब.२०८२।८३को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु |**

१.आर्थिक विकास :

<u>कृषि तथा पशुपंक्षी</u>

४. आधुनिक कृषि प्रणाली मार्फत व्यवसायीकरण गर्न अर्गानिक खेती प्रणालीमा जोड दिने गरी कार्यान्वयनमा ल्याइनेछ साथै कृषि तथा पशुजन्य उपजको संकलन र बिक्रीका लागि कृषि बजार केन्द्रहरु र चिस्यान केन्द्र निर्माण गरिनेछ | पशु भ्याक्सिनेशन कार्यक्रम सञ्चालन गरिने छ ।

**५.** गाउँपालिकलाई नगदे वाली पकेट क्षेत्रको रुपमा विकास गर्न पहल गरिने छ | कृषी उत्पादनको वजारी करणको लागी उत्पादनलाई कृषि सहकारीसंग समन्वय गरि बजार सम्म पुऱ्याउने व्यवस्था गरिनेछ । हाट बजारहरु सुधृडीकरणमा जोड दिइने छ ।

६. **"किसानको उन्नति, एकडारावासीको प्रगती"** भन्ने मूल नाराका साथ कृषि क्षेत्रको ब्यवसायीकरणका माध्यमबाट कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा, आत्मनिर्भता सुनिश्चित गर्न "**कृषक परिचयपत्र (कृषक कार्ड)**" लागू गरिनेछ। कृषकको लगानी कम गर्न कृषि

विद्युतीकरण, सिचाई र अनुदानलाई प्राथमिकता दिई स्थानिय उत्पादन तथा उत्पादकत्व बृद्धीमा जोड दिइने छ ।कृषी तथा व्यवसाईक पशुपालनलाई प्रोस्थाहन प्रदान गर्ने व्यवस्था गरिने छ ।बिपन्न परिवारका मानिसहरुले व्यवसाईक पशुपालन गर्न चाहेको अवस्थामा अनुदानमा गोठ सुधार तथा निःशुल्क प्राबिधिक सेवा प्रदान गरिने छ **<u>।गाउँ गाउँमा करेसावारी तथा घर घरमा रोजगारीको</u>** नारालाई सर्थकता प्रदान गर्ने कार्य थालनी गरिने छ । साथै भू-उपयोग नीतिलाई कार्यान्वयन गरिदै लगिने छ र सुकुम्वासी तथा अव्यवस्थित जग्गाको लगत लिई कृषि योग्य भुमिलाई व्यवस्थित गरिनेछ ।

७. किसानलाई आत्मनिर्भर बनाउने गरी कृषि क्षेत्रमा लगानीमैत्री वातावरण सृजना गर्ने तर्फ विशेष जोड दिइनेछ र रासायनिक मलको अभावको विकल्पमा जैविक कम्पोष्ट मलको प्रयोगमा जोड दिइनेछ र कृषि बिउ वितरणको लागि कृषि सहकारीसंग समन्वय गरि कृषि बिउविजन खरिद र वितरणलाई व्यवस्थित गरिनेछ ।

८. कृषि र पशुपालन क्षेत्रमा विभिन्न प्राकृतिक विपदबाट हुनेसक्ने क्षतिको न्युनिकरण, उद्धार तथा राहतका कार्यक्रम संचालन र कृषि तथा पशुपन्छी विमा कार्यक्रममा कृषकको पहुंच बृद्धि गर्न संरक्षित कृषिको नीति अवलम्बन गरिनेछ र स्थानीयस्तरमा उत्पादन हुने तरकारी बिक्रीको लागि तरकारी मण्डी निर्माणका लागि स्थान पहिचान गरिनेछ।

९. युवाहरुलाई विदेश पलायन हुनबाट रोक्न युवा लक्षित गाई भैंसी पालन, बाख्रा पालन, कुखुरा पालन, मत्स्य पालन सम्बन्धी तालिमको व्यवस्था, विभिन्न अनुदानको व्यवस्था गरिने छ ।

१०. कृषकहरुको उत्पादनलाई असर पुऱ्याउने विभिन्न प्रकारका रोग, महामारी, परिजीवि व्यवस्थापन गर्न जनचेतना मुलक कार्यक्रम, शिविर, भेक्सीनेशन तथा उपचारका कार्यक्रमहरु संचालन गरिने छ ।

११. कृत्रिम गर्भाधान, वर्णशंकर पशु उत्पादनमा जोड दिई पशु शिविरहरु संचालन गरिनेछ र छाडा जनावर नियन्त्रण गर्न पशु बन्ध्याकरण कार्यक्रम संचालन गर्ने र बाहिरबाट छोडिने पशुचौपायालाई नियन्त्रण गर्न स्थानीय प्रशासनसंग समन्वय गरिनेछ।

## <u>उद्योग तथा वाणिज्य</u>

१२. युवाशक्तिमा रहेको व्यवसायिक प्रतिभाको पहिचान गरी उनीहरुको रुची र क्षमता अनुसार उद्यमी बनाई स्वरोजगार गराउँनका लागि उद्यमशिलता तथा सीपमूलक तालिम दिई **युवा उद्यमशिल कोषस्थापना** र परिचालन गर्नेर फलामको काम गर्ने, कपाल काट्ने, माटोको काम गर्ने, सानो चिया पसल गर्ने, काठकोकाम गर्ने, बास बेतको काम गर्ने एवं सानो पुंजीको काम गर्ने नागरिकहरु लगायत स्थानीय कुटिर उद्योग र लघुउद्यमलाई अनुदानको व्यवस्था गरी व्यवसायी बनाउँन जोड दिइनेछ ।लघुउध्म बिकासको लागी तालिमको व्यवस्था गरिने छ ।

१३. एक करोड भन्दा बढी लगानीको उद्योग स्थापना गर्ने उद्योगीहरुको लागि ५ वर्ष बराबरको एकडारामा लाग्ने सम्पूर्ण कर छुट दिईनेछ । वजारलाई व्यवस्थित र स्वच्छ प्रतिस्पर्धी वनाउन तथा उपभोक्ताहरुलाई ठगीनबाट जोगाउँनको लागि व्यापारीहरुको सहभागितामा **व्यापार आचार संहिता**लागू गरिनेछ।

१४. यसएकडारा गाउँपालिकामा संघिय तथा प्रदेश सरकारको सहयोग र समन्यवमा उपयुक्त स्थानमा उद्योगग्राम स्थापनाका लागि पहल गरिने छ र उपयुक्त स्थानमा **उद्यमी घर (बिक्री कक्ष)** स्थापना गर्नको लागि पहल गरिनेछ |

१५. एकडारा गाउँपालिकामा लघु उद्यमको विकास गर्ने, लघु उद्यम व्यवसाय निःशुल्क दर्ता, लघु उद्यमीको मेला तथा प्रदर्शनी, उत्पादित बस्तुको बाजारीकरण र परम्परागत लघु पेशा र संस्कृतिलाई प्रोत्साहन गरिनेछ ।

१६. गाउँपालिका भित्र उद्यम विकासको सम्भाव्यता अध्ययन गरी गाउँपालिका भित्र सम्भावित नयाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्री वातावरण बनाईनेछ । लघुउद्यम कार्यक्रमलाई निरन्तरता दिदै गरिब विपन्न परिवार र व्यक्तिहरु पहिचान गरी सिपमुलक कार्यक्रम संचालन मार्फत व्यवसाय गर्न उपयुक्त लगानी वृद्धि गरिनेछ ।लघुउद्यम कार्यक्रम मार्फत **लघु उद्यमी** तयार गरिने छ |लघुउद्यम कार्यक्रमलाई थप प्रभावकारी तुल्याइने छ ।

## पर्यटन

१७. प्रदेश सरकार र संघीय सरकारसँगको समन्वयमा पर्यटकीय स्थलहरुको विकास गरिनेछ र एकडारा गाउँपालिकाको पर्यटन गुरु योजना निर्माणमा जोड दिइने छ ।

१८. विभिन्न जातजातिको संस्कृतिक परम्परा झल्काउने कार्यक्रम संचालन गरी आन्तरीक तथा वाह्य पर्यटकलाई आकर्षित गर्ने र पर्यटकीय गन्तव्य स्थलको रुपमा लैजान सबै व्यवहारलाई सुधार **गरिनेछ।बिभिन्न समुदाएको मौलिक संस्कृतीलाई प्रबर्द्धन गर्न बर्षको एक दिन बिषेस कार्यक्रम आयोजना** गर्ने व्यवस्था मिलाईने छ ।

**सभाका सदस्य ज्यूहरु**

### सहकारी

१९. सहकारीलाई एकडाराको आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गरिनेछ । साना र उत्पादनमुलक सहकारीलाई एकडारा गाउँपालिकाको योजना कार्यान्वयनमा आवद्ध गरिनेछ । सहकारी शिक्षालाई प्राथमिकताका साथ जोड दिदै सहकारी मर्जिङ गर्न उपयुक्त कानून कार्यविधी बनाई लागू गरिनेछ र कृषि क्षेत्रलाई विकास गर्न सहकारीको भूमिकालाई परिभाषित गरिनेछ।

२०. एकडारा गाउँपालिका भित्र मापदण्ड पुरा नगरेका तथा नवीकरण नभएका र सहकारीको कानून भन्दा बाहिर रहि अन्य अनियमित काम गरेका सहकारीहरुलाई नियमन गरि कानूनको दायरामा ल्याइनेछ ।

### वित्तिय क्षेत्रहरु (राजश्व परिचालन)

२१. राजश्व परामर्श समितिले दिइएको सुझाबलाई आधार मानि कर दस्तुर, शुल्क आदि बैज्ञानिक तवरले निर्धारण गरी गाउँपालिकाको आयश्रोतलाई दिगो बनाइनेछ ।

२२. राजश्वको दायरा बृद्धि गर्ने, राजश्व संकलन प्रक्रियालाई सरलीकरण गर्ने, करदाता शिक्षा प्रदान गर्ने, कर तिर्नअभिप्रेरित गर्ने, प्रत्येक वडामा राजश्व संकलन र राजश्वको क्षेत्र पहिचान गर्ने गरी अभियान संचालन गरिनेछ। करका दायरमा सुचिकृत हुने करदाताहरुको अभिलेखलाई कम्प्यूटराईज गरी अद्यावधिक गरिनेछ । गाउँपालिकाले प्रवाह गर्ने **सेवा सुविधालाई कर संग आवद्ध** गरी गाउँपालिकाको आन्तरिक आयमा बृद्धि गर्ने रणनीति अवलम्वन गरिनेछ ।उत्कृष्ट कर दाता पहिचान गरी हिउदे सभाको समयमा सम्मान गरिने छ।

२३. यस गाउँपालिकाका नदी तथा खोलाको घाटमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरी नदी तथा खोलाबाट निर्माण सामाग्री उत्खनन् तथा संकलनको लागि आयठेक्का गरिनेछ ।

२४. आर्थिक सहायता, विपद ब्यवस्थापन, औषधोपचार, बिपन्न प्रमाणित, विद्यार्थी छात्रवृति र योजना सम्बन्धी सम्पूर्ण सिफारिस निःशुल्क गरी वडा तथा गाउँपालिकाबाट प्रदान गरिने अन्य जुनसुकै सेवामा करलाई अनिवार्य गरिनेछ र सेवा लिदा दिदाकर तिरेको नगदी रसिद अनिवार्य रुपमा संलग्न गराइने परिपाटी विकास गरिनेछ

२५. गाउँपालिका तथा वाडा कार्यलयबाट प्रदान गरिने सिफारिश तथा कार्यलयको दर्ता चलानी तथा योजना आयोजनाहरुको व्यवस्थापन तथा सञ्चालनलाई सुचना प्रबिधी मैत्री बनाईने छ ।

## <u>सामाजिक विकास</u>

## शिक्षा

२६. विद्यालयहरुमा शैक्षिक जनशक्ति कम भएको हुँदा गाउँपालिका भित्रका शैक्षिक बेरोजगारहरु मार्फत अध्यापन गराउन र गाउँपालिकाका विभिन्न क्रियाकलापमा रोजगारी दिने गरि **अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधनकार्यक्रम** संचालन गरिनेछ र विद्यालय समय भन्दा बाहिर बालबालिकालाई अध्ययन गराउन र सिकाई क्रियाकलाप संचालन गर्न यस कार्यक्रम मार्फत टोलहरुमा शिक्षा सहकर्मीको रुपमा समेत खटाउने व्यवस्था गरिनेछ |

२७. माध्यमिक विद्यालयहरुमा **प्राविधिक धारको शिक्षा संचालनमा** जोड दिईनेछ र एकडारामा प्राविधिक शिक्षालयको स्थापना गरिनेछ।

२८. स्थानीय शिक्षा ऐन, नियममा सङ्घ र प्रदेश कानुन संग बाझिएका शिक्षा सम्बन्धि व्यवस्थालाई समयानुकूल संसोधन गर्दै हालको शैक्षिक व्यवस्थालाई परिवर्तन गरिनेछ र चालु **<u>आर्थिक बर्ष भित्र स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिने छ ।</u>**पाठ्यक्रम छपाईका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ | विद्यार्थी शिक्षक र कक्षा अनुपातका आधारमा शिक्षक दरवन्दी मिलान तथा कक्षा र विद्यालय **मर्ज गर्ने कार्यक्रम** ल्याइने छ |

२९. सामुदायिक विद्यालयको समस्या समाधानका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावकर पदाधिकारी समेतको अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ | सामुदायिक विद्यालय शिक्षा प्रति

छात्रछात्राको आकर्षण बढ्दै गएको कारण संचालनमा रहेका मा.वि स्तरका विद्यालयहरुमा थप ११ र १२ कक्षा संचालनमा ल्याईने नीति अवलम्बन गरिनेछ ।

## सभाका सदस्य ज्यूहरु

३०. एकडाराको पञ्चवर्षीयशिक्षा योजना तर्जुमा गरिने छ तथा **"हाम्रो ईच्छा, एकडारामा प्रविधियुक्त बहुआयामीक शिक्षा"** भन्ने शैक्षिक नारा तय गरी विद्यालय स्तरीय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै पठन पाठनलाई गुणस्तरीय एवं समयानुकुल बनाउन प्रत्येक विद्यालयका शिक्षकलाई ICT तालिम दिइनेछ

३१. गाउँपालिका भित्रका प्राविधियुक्त उच्च शिक्षा हासिल गर्न चाहने बिद्यार्थीहरुर जेहेन्दार, गरिव, दलित र **छात्राहरुलाई छात्रवृत्ति एवं प्रोत्साहन** उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

३२. प्राथमिक स्तरका विद्यालयलाई थप सिकाई उपलब्धीका लागि अझ थप प्रभावकारी क्रियाकलाप संचालन गरि प्राथमिक शिक्षालाई थप मजबुत गरिनेछ साथै आधारभूत विद्यालयस्तरको गुणस्तरीय शिक्षाको लागि गा.पा. स्तरीय संचालन हुने परीक्षालाई थप मर्यादित बनाउँदै लैजाने नीतिलाई निरन्तरता दिइनेछ ।

३३. शिक्षाबाट कुनै पनि बालबालिका बञ्चित नहुनको लागि भर्ना अभियान चलाइनेछ र अपाङ्ग विद्यार्थीहरुलाई निःशुल्क शिक्षा प्रदान गर्न शैक्षिक सामाग्रीको व्यवस्था गरिनेछ ।

३४. उच्च महामारीको जोखिम बाट बचाउन बालबालिकाहरुको स्वास्थ्यलाई ध्यान दिदै प्रत्येक विद्यालयहरुमा स्वास्थ्य शिक्षा तालिम संचालन गर्ने नीति ल्याइने छ रपालिका स्तरीय खेलकुदमा भागलिने बालबालिकालाई निःशुल्क ड्रेश उपलब्ध गराउन आवश्यक बजेट बिनियोजन गरिने छ

३५. हरित र शीतल बिद्यालय बनाउन बिद्यालयहरुमा बृक्षारोपण र बिद्युतीकरण कार्यक्रम लाई प्रोस्थाहित गरिने छ।

३६. सामुदायिक विद्यालयको सम्पति खोजी गरि विद्यालयको आन्तरिक आम्दानी वृद्धि गर्न एक विज्ञ टोली गठन गरि टोलीले दिएको सुझावलाई कार्यान्वयन गरिनेछ र विद्यालयको आम्दानीको श्रोतको अभिलेख गाउँपालिकामा बुझाउनु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

३७. आगामी आर्थिक बर्ष देखी प्रत्यक आर्थिक बर्षमा एस.इ.ई दिएर बसेका कम्तीमा ५० जना बिपन्न परिवारका विद्यार्थीहरुलाई बेसिक कम्प्युटर तालिम प्रदानगरी अवको दुई बर्षमा १०० जना एस.इ.ई दिएर बस्ने विद्यार्थीहरुलाई कम्प्युटर तालिम प्रदान गरी दक्ष बनाइने छ । प्रबिधिक बिध्यालय स्थापनामा जोड दिईने छ ।

## स्वास्थ्य

३८. आकस्मिक प्रसूति सेवालाई व्यवस्थित तथा थप जिम्मेवारी वनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेषण गर्नु परेमा गरिव तथा विपन्नको लागि लाग्ने एम्वुलेन्स खर्च व्यहोर्न र पालिका भित्र सुत्केरी हुने महिलाहरुलाई स्वास्थ्य संस्था सम्म ल्याउन निःशुल्क एम्बुलेन्स संचालन गरिनेछ र यसलाई दिगो बनाउन सम्वन्धित सस्थामा सहयोग कोषको स्थापना गरिनेछ ।

३९. गाउँपालिकामा क्रमशः सबै वार्डलाई Zero home delivery घोषणा गरिने छ जसको लागि आवश्यक कार्यक्रम ल्याइने छ । सिकलसेल एनिमिया तथा थालासेमिया रोग सम्बन्धी उपचारका साथै सामाजिक व्यवस्थापकीय कार्यक्रम चलाइनेछ ।

४०. सवै गाउँपालिकावासीलाई आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको व्यवस्था मिलाईनेछ र अस्पताल निर्माण कार्यलाई तिब्रता प्रदान गरिनेछ । भवन नभएका स्वास्थ्य संस्थाहरुको भवन निर्माण प्रक्रियालाई निरन्तरता दिइनेछ । खोप तथा गाउँघर क्लिनिकहरुलाई भौतिक संरचना निर्माण गरी व्यवस्थित गरिने छ । सम्पूर्ण स्वास्थ्य सस्थाहरुलाई अपाङ्ग, किशोर, किशोरी मैत्री वनाईनेछ |

४१. गर्भवति महिलाले ८ पटक गर्भ जाँच गरेवापत स्वास्थ्य संस्थावाट क्याल्सियम तथा थप प्रोत्साहनको व्यवस्था गरिनेछ । स्वास्थ्य उपचार गर्न नसक्ने विरामी, अति विपन्न नागरिक, हिंसा पिडित महिला, कुपोषित वालवालिका लगायत नागरिकलाई राहत स्वरुप प्रदान गर्न आर्थिक सहायता कोष स्थापना गरिनेछ ।

४२. आधारभूत अस्पतालको स्वीकृति लिई अस्पतालको दरबन्दी अनुसार जनशक्ति पुर्ति गर्न प्रदेश सरकार र संघीय सरकारसंग समन्वय गरि २४ सै घण्टा सेवा दिने व्यवस्था मिलाइनेछ साथै स्वास्थ्य विमालाई समेत क्रमशः कार्यान्वयन गरिनेछ ।

४३. आयुर्वेद औषधालय बाट प्रदान गरिने सेवालाई प्रभावकारी तुल्याइने छ ।

४४. जेष्ठ नागरिक तथा अपांग असहाय नागरिकहरुलाई निशुल्क रुपमा आयुर्वेद उपचारर **आयुर्वेद गाउँघर क्लिनिक**लाई निरन्तरता दिइनेछ र एकडाराका वडामा रहेका प्रत्येक स्वास्थ्य संस्थामा कम्तिमा महिनाको दुई पटक आयुर्वेद क्लिनिक संचालन गरिनेछ।

४५. एच.आइ.भि. पीडितहरुलाई सहयोग गर्ने नीति अवलम्वन गरिने छ र रोग वल्झि आएका क्षयरोगका विरामीलाई पोषण भत्ताको व्यवस्था गरिनेछ र ८० वर्ष उमेर पुगेका वृद्धहरुको लागि घरदैलोमा स्वास्थ्य उपचार सेवा कार्यक्रम सचालन गरिनेछ ।

४६. महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि RRT लाई तयारी अवस्थामा राख्नुको साथै उक्त कार्यलाई प्रभावकारी बनाउन औषधि तथा स्वास्थ्य सम्वन्धी सामाग्रीहरु तयारी हालतमा राखिने छ र सरुवा तथा मौसमी रोगलाई नियन्त्रण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

४७. एकडारा गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको नियमित स्वास्थ्य परीक्षण अभियान संचालन गरिनेछ, जस अन्तर्गत वृद्धवृद्धा र अपाङ्ग भएका नागरिकहरुलाई घरदैलो मै गई नियमित स्वास्थ्य परीक्षण गरिने कार्यक्रलाई निरन्तरता प्रदान गरिने छ। **आगामी आर्थिक बर्ष २०८२।८३ बाट अध्यक्ष तथा उपाधक्ष संग घुम्ती स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिने छ ।सोको लागी आवस्यक बजेट व्यवस्था गरिने छ ।**

४८. **उपाधक्ष संग आमा तथा किशोरी कार्यक्रम सञ्चालन गरिने छ र सो अन्र्तगत सुनौलो हजार दिनका बिपन्न परिवारका आमाहरुलाई पोषण भत्ता वापत एक पटक गाउँपालिका बाट रु ५००० एक मुष्ट आर्थिक सहयोग प्रदान गरिने छ ।**

## सभाकासदस्य ज्यूहरु

४९. एकडारा गा.पा. भित्र ६० वर्ष पूरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई स–सम्मान विदाई हुने व्यवस्थाको निर्न्तरताको लागी आवस्यक व्यवस्था मिलाईने छ । जसको लागी **महिला स्वमंसेविका कल्याणकोष स्थापना** गरी कार्यविधी बनाई कार्यान्वयन गरिनेछ ।

५०. स्वास्थ्य सूचना प्रणालीको चुस्तताको लागि DHIS प्रणालीलाई सशक्त वनाईने छ र स्वास्थ्य सेवा अन्तर्गतका कार्यक्रमहरुको प्रभाव विश्लेषणका लागि खोज अनुसन्धान कार्य गरिने छ ।

**<u>खानेपानी तथा सरसफाई</u>**

५१. गाउँपालिका खुल्ला दिशा मुक्त घोषणा भै सकेको परिपेक्षमा यसको प्रभावकारिता अध्ययन गरिने छ तथा सौचालय नभएका बिपन्न तथा गरिव घर परिवारलाई सौचालय निर्माणको लागी प्रती घर परिवार रु २५०० अनुदानको व्यवस्था गरिने छ ।

५२. लामखुट्टेको प्रकोपबाट रोगको महामारी फैलनसक्ने अवस्थालाई रोक्न नियन्त्रणका कार्यक्रम संचालन गरिनेछ र पालिका स्तरिय स्थानीय खानेपानी तथा सरसफाई स्वच्छता समिती गठन गरिनेछ ।

५३. सबैका लागि स्वच्छ खानेपानी उपलब्ध गराउन स्यालो तथा डिप–ट्युबेल एवंम ओभरहेड टयाङक निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ संचालन गर्ने र अधुरो ट्यांकी निर्माण र पाइपलाइन बिस्तार गर्ने कार्यलाई सम्पन्न गर्न प्रदेश सरकारले विनियोजन गर्ने रकममा उपभोक्ताको श्रमदान बापतको रकम गाउँपालिकाले व्यहोर्ने गरी सबै गाउँपालिकाबासीलाई स्वच्छ खानेपानीको प्रत्याभुति गरिनेछ, पाइपलाइन पुर्ने खाडल बनाउनको लागि बकेट जडित टयाक्ट्रर खरिद गरिनेछर सबै स्वास्थ्य संस्था र वडा कार्यलयहरुमा खानेपानी प्रशोधन प्रणाली जडान गरिनेछ |

५४. सबै वडाका उदीयमान बजारहरुमा सरसफाईका लागि डस्टबिन वितरण र सुलभ शौचालय निर्माण गरिनेछ। गाउँपालिका क्षेत्रको उपयुक्त स्थानमा डम्पिङ साईट निर्माणको कार्य थालनी गर्ने तथा गाउँपालिका क्षेत्रमा सरसफाई कार्यक्रम सञ्चालन गरिने छ । सरसफाई कार्यक्रमको लागी बवस्यक ट्र्याक्टर जस्ता उपकरण खरिद गरिने छ ।

५५. गाउँपालिका भित्रका खाने पानीको श्रोतहरुको पानीको स्वच्छता परिक्षण तथा आर्शेनिक परिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

५६. **<u>फोहोरलाई मोहरमा रुपान्तरण गर्ने निती अबलम्बन गरिने छ</u>** ।फोहोर मैला व्यवस्थापन कार्यलाई प्रभावकारी तुल्याइने छ ।फोहोर मैला संकलन कार्यलाई प्रभावकारी तुल्याइने छ ।

**<u>रोजगार सेवा</u>**

५७. प्रधानमन्त्री रोजगार सेवालाई प्रभावकारी बनाउन संघीय सरकारको कानून बमोजिम यस पालिकाका विभिन्न योजना र स्थानमा रोजगारी दिने र यसै पालिकाबाट बैदेशिक रोजगारमा जाने व्यक्तिलाई श्रम स्वीकृति दिने व्यवस्थालाई सरलीकरण गरिनेछ ।

## सामाजिक सुरक्षा तथा पंजीकरण

५८. लाभग्राही व्यक्तिहरुले प्राप्त गर्ने सामाजिक सुरक्षा भत्तालाई पूर्ण रुपमा बैकिङ्ग प्रणाली मार्फत भुक्तानी हुदै आएकोमा यसलाई निरन्तरता दिदै सामाजिक सुरक्षाका लाभग्राही व्यक्तिहरुको पहिचान र प्रविष्टिमा सहजीकरण गरि एकरुपता गरिनेछ ।व्यक्तिगत घटना दर्तालाई विद्युतीय प्रणालीबाट सेवा दिदै आएकोमा समयमै घटना दर्ता गर्नको लागि प्रोत्साहित गरिनेछ ।

**५९.कपडा बैंकको स्थापना गरी सो को व्यवस्थापनको लागी आवस्यक बजेट व्यवस्थापन गरिने छ ।**

**६०.अती बिपन्न घरपरिवारका गाउँवासीहरुलाई राहत स्वरुप दलित घर परिवारका सदस्यको सामाजिक सुरक्षालाई ध्यानमा राख्दै अती बिपन्न घर परिवारलाई मृत्यु दर्ता पश्चात मृत्यु संस्कारमा सहयोग स्वरुप प्रती घर परिवार एक पटक रु.५००० आर्थिक साहायता प्रदान गरिने छ ।**

## संस्कृति प्रर्वद्धन

६१. गाउँपालिका भित्रका सबै जातजाति, भाषा, धर्म, उनीहरुको मौलिक संस्कृति र परम्पराको संरक्षण गर्न गाउँपालिकाले अलग्गै नीति बनाई लागु गर्नेछ । जाति र स्थान विशेषका धार्मिक संस्कृतिको संरक्षण संम्वर्धन गर्नको लागि प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

६२. विभिन्न प्रकारका स्थानीय संस्कृति, उत्सव मेला पर्व, धार्मिकस्थल, बिबाह भोज लगायतका कार्यक्रममा डीजे सहितका बाजागाजा संगीतको ठुलो स्वरले ध्वनि प्रदुषण भई वच्चाहरु र दिर्घरोगी लगायतलाई प्रतिकुल असर पर्ने हुँदा सो कार्यलाई प्रतिबन्ध लगाई आवश्यक कारवाही गरिनेछ ।

६३. प्रत्यक बर्षको एक दिन स्थानीय संस्कृती प्रबर्द्धनकोलागी छुट्याइने छ ।

## खेलकुद तथा मनोरञ्जन

६४. संङ्घ तथा प्रदेश सरकारको साझेदारीमा गाउँपालिका भित्र एउटा **रंङ्गशाला निर्माणका** लागी **श्रोतको खोजी गरिनेछ । गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता** संचालन गरिनेछ ।राष्ट्रपति रनिङ्ग शिल्ड तथा विद्यालय स्तरीय खेलकुद प्रतियोगिता एक साथ संचालन गरिनेछ । राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने टिमलाई आर्थिक सहायता प्रदान गरिनेछ ।

६५. खेलकुदमा युवा वर्गको सहभागीता अभिवृद्धि गर्न स्थानीय संघ संस्था समेतको सहभागीतामा विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

**सभाका सदस्य ज्यूहरु**

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

६६. बालबालिका माथि हुने शारीरिक, मानसिक तथा यौनजन्य दुव्र्यवहार न्युनीकरण गर्ने नीति लिइनेछ साथै बालक्लब गठन संचालन तथा नियमन गर्ने नीति लिइनेछ र **बालमैत्री स्थानीय सरकार (CFLG)** घोषणा गर्न आवश्यक प्रक्रिया थालनी गरिने छ |मुस्लिम लगायतका पिछडिएको वर्गको आय आर्जन, सिप विकास जस्ता प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरु उनीहरुकै सहभागीतामा संचालन गरिनेछ । महिला हिंसा, लैङ्गिक

विभेद, बालश्रम, बालबिवाह, अनमेल विवाह जस्ता सामाजिक समस्याहरुलाई न्युनीकरण गर्ने कार्यमा प्रत्येक वडालाई जिम्मेवार बनाई प्रत्येक टोलमा महिला समुह गठन र परिचालन गर्ने नीति लिइनेछ ।

६७. एकडारा गाउँपालिका भित्र २०८२ श्रावण १ गते देखि लागु हुने गरि बालिकाहरुलाई लक्षित गरि बालिका (छोरी) बिमा कार्यक्रम संचालन गरिनेछ ।बालिका विमा संचालन गर्दा स्वास्थ्य शाखा र महिला तथा बालबालिका शाखाको समन्वयमा कार्यविधि बनाई लागु गरिनेछ ।

६८. महिला विरुद्ध हुने सबै किसिमका हिंसा, विभेद र वहिष्करण अन्त्यका लागि लैङ्गिक समानता तथा महिला सशक्तिकरणमा सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ र महिलाहरुको आय आर्जनमा सुनिश्चित गर्ने सिपमुलक र रोजगारीमुलक कार्यक्रमहरु संचालन गरी उनीहरुको आयमा पहुच वृद्धिगरिनेछ साथैघरायसी रक्सी पिएर घरमा महिला हिसाका घटना धेरै हुने भएकाले घरायसी मादक पदार्थलाई नियन्त्रण गर्न स्थानीय प्रशासनको समन्वयमा नियमन गरिनेछ।

६९. वेदर्ता जग्गामा बसोबास गर्ने अव्यवस्थित बसोबासीहरुको लगत तथा तथ्यांक संकलन गरी समस्या समाधान गर्ने नीति ल्याईनेछ | **भुमिहिन तथा अव्वस्थित बसोवासको चपेटामा परेका अती बिपन्न परिवारको तथ्याङ्क संकलन गरी उनिहरुलाइ उचित व्यवस्थापन गर्न तथा लाल पुर्जा बितरणमा सहजिकरण गरिने छ ।**

७०. अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर र स्वाभिमान बनाउनका लागि समान अवसर तथा सेवा सुविधामा पंहुच बढाउन उनीहरुलाई सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने र अपांग परिचय पत्र निर्माणमा जोड दिइनेछ ।

७१. सिमान्तकृत विपन्न तथा अति गरिबहरुका लागि आय आर्जन सम्बन्धी सीपमूलक कार्यक्रम संचालन गरिनेछ। महिला, दलित, आदिवासी/जनजाति, थारु, मुस्लिम, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति लगायत पिछडिएको वर्ग र समुदायको सशक्तिकरणका कार्यक्रमलाई अझ प्रभावकारी रुपले संचालन गरिनेछ साथै सामाजिक विकृतीको रुपमा रहेको छुवाछुत, जातीय विभेद, दाईजो प्रथा मुक्त सामाजको निर्माण गरिनेछ ।

७२. बिमा सम्बन्धी सचेतना कार्यक्रम गरि प्राकृतिक र मानव सिर्जित जोखिमहरुबाट मानव जिवन, सम्पत्ति र दायित्वको रक्षावरण गरि वित्तिय सुरक्षा प्रदान गर्न दुर्घटना, विपद, स्वास्थ्य सुरक्षा, सम्पत्तिहरु लगायत विभिन्न बिमा कार्यक्रमलाई लागु गर्न प्रोत्साहित गरिनेछ ।

७३. जेष्ठ नागरिकहरुको आधारभुत अधिकारको संरक्षण गर्दै उनीहरुका लागि सम्मानजनक एंव सन्तुष्टिपूर्वक जिवनयापनको लागि आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने तर्फ जोड दिइनेछ ।

७४. कडा रोग लागेर उपचार गर्न नसक्ने अति गरिब र विपन्न नागरिकहरु, हिंसा पीडितहरु, कुपोषित बालबालिकाहरुको लागि सामान न्याय र अवसर दिलाउन तथा मृत्यु भएका बिपन्न घरपरिवारलाई काज क्रिया गर्न गाउँपालिकास्तरिय **सामाजिक सहायता, आपतकालिन तथा विपन्न सहयोग कार्यक्रम** मार्फत आर्थिक सहयोग गर्ने व्यवस्था मिलाईने छ ।

७५. एकडारा गाउँपालिका भित्रका शैक्षिक बेरोजगारहरुलाई सरकारी निकायको लोक सेवा आयोगको परीक्षामा प्रोत्साहित गर्न लोक सेवा आयोगको कक्षा संचालन गरिनेछ र उक्त कक्षा अध्ययन गरेका व्यक्तीले लोक सेवा पास गरेमा पुरस्कृत गरिनेछ ।

## ३.पूर्वाधार विकास

### स्थानीय सडक, पुल पुलेसा

७६. गाउँपालिकाबाट संचालन गरिने पुर्वाधार विकासको काममा दिगोपना र प्रभावकारिताका लागि गुणस्तर सुनिश्चित गर्न प्रयोगशाला परीक्षणलाई संचालनमा ल्याइने छ ।

७७. गाउँपालिका क्षेत्रका हाल भैरहेका मुख्य सडकहरुको स्तरोन्नती गर्ने र क्रमश कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिई एकडारा गाँउपालिकाको सडक गुरुयोजना २०८१।८२ लागु गर्ने तथा **सडकको क्षेत्राधिकार एवं नामाकरण समेत तयार गरी लागु गरिनेछ** । गाउँपालिका भरिका मुख्य-मुख्य सडकको अधिकार क्षेत्र कायम गरिनेछ र आगामी पाँच वर्ष भित्र कच्चीरहित सडकनिर्माणका लागि गाउँ भित्रको बाटोलाई पि.सी.सी. र आर.सी.सी. तथा बाहिरी बाटोलाई कालोपत्रे गर्दै लगिनेछ । सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा टहरा बनाउने कार्यलाई निरुत्साहित गर्दै त्यस्ता कार्य भए गरेमा कानुनी सजायको दायरामा ल्याउने नीति लिइनेछ ।

### सभाकासदस्य ज्यूहरु

७८. गाउँपालिका भित्र नयाँ सडक विस्तार गर्ने भन्दा भएका सडकहरु नियमित रुपमा मर्मत गर्ने, सुविधायुक्त सडक बनाउने तर्फ गाउँपालिकाको ध्यान केन्द्रित गरिनेछ ।

७९. विभिन्न वडाबाट विनियोजन हुने बजेटमा कृषि बाटो निर्माणलाई प्राथमिकता दिइनेछ ।

८०. सडकको नाम तथा क्षेत्राधिकार तोक्ने निती लिइने छ ।

### भवन तथा सहरी विकास

८१. एकीकृत बस्ती विकास योजनाका लागि अध्ययन प्रारम्भ गरिनेछ । भवन संहिता पालनाका लागि एकडारा इन्टिग्रेटेड बिल्डिङ्ग कोड सिस्टम निर्माण र कार्यान्वयन गरिनेछ । घर जग्गा नक्सा पासलाई चालु आर्थिक बर्ष बाटसुरुवात गरिने छ तथा आगामी बर्षमा थप अनिवार्य गरी भुकम्पीय जोखिमलाई न्युनीकरण गर्दै व्यवस्थित योजनाबद्ध बजारीकरणको शुरुवात गरिनेछ ।

८२. स्थानीय तहमा कार्यरत प्राविधिकहरुबाट घरको डिजाइन एंव ड्रईङ(नक्सा) तयार गर्ने व्यवस्था शुरुवात गरी गाउँपालिकालाई नगरउन्मुख पालिकामा जोड दिईनेछ र अति विपन्न नागरिकहरुलाई प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी झुपडीमुक्तगर्न बिपन्न परिवार पक्की आवास निर्माण कार्यको लागी प्रक्रिया अगाडि बढाइनेछ ।

८३. गाँउ पालिकाका बिभिन्न बजारलाई व्यवस्थित बजारको रुपमा विकसित गरिनेछ ।

८४. स्वास्थ्य संस्था लगायत सबै सरकारी निकायमा सोलर सिस्टम जडान गर्ने नीति लिनेछ । गाउँपालिका क्षेत्र भित्रको वैकल्पिक ऊर्जाको सम्भाव्यता अध्ययन गरिनेछ । मुख्य मुख्य बजार क्षेत्रहरुमा सडक सेन्सर विद्युतबत्ती जडान कार्यलाई निरन्तरता दिदैं विद्युत नपुगेका क्षेत्रमा क्रमश विद्युतीकरण गरिनेछ।

### सूचना, प्रविधि तथा सञ्चार

८५.कार्यालयको सोधपुछ कक्षलाई व्यवस्थित गर्ने एवं फोन, इमेल र एस. एम.एस. बाट सेवा उपलब्ध सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने तथा ई पालिका,डिजिटल पालिकाको अवधारणालाई कार्यन्वयनमा ल्याइने छ ।

८६. गाउँपालिकाको सूचना र जानकारीहरुको लागि गाउँपालिकाको वेवसाइटलाई निरन्तर सक्रिय राख्दै SMS सेवा समेतको व्यवस्था मिलाउने र सर्भर प्याक, राजश्व, जिन्सी, प्रशासनिक लगायतका सफ्टवेयर, अफिस अटोमेसन सफ्टवेयरको विकास गरिनेछ र सबै वडा तथा सरकारी कार्यालयहरु, विद्यालय र बजार तथा मुख्य सडकहरुमा CCTV क्यामरा जडान गरिने छ तथा कार्यालयमा आइ.पी टेलिफोनको व्यवस्था मिलाइनेछ ।

८७. गाउँपालिकाबाट हुने क्रियाकलापहरुको सार्वजनिकिकरण गर्नको लागि संचारका माध्यबाट आम नागरिकलाई जानकारी गराउने नीति अवलम्बन गरिनेछ ।

८८. हेलो गाउँपालिका कार्यक्रम सञ्चालन गरिने छ ।

**८९.सुशासनका मान्यतालाई प्राथमिकतामा राखी सुशासन प्रर्बद्धन ऐन तथा नियम लगाएतका क्षेत्र गत नितीले लिएका लक्ष,उधेश्य आदी प्राप्तीको लागी सुशासन,पारदर्दिता,मितव्यइता तथा सार्वजनिक खर्च गर्दा औचित्यताको निती लाई प्रथमिकतामा राखी गाउँपालिका बाट हुने स्वतःप्रकाशनलाई व्यवस्थित तुल्याइने छ ।**

## ४.वातावरण तथा विपद व्यवस्थापन

### वन तथा भू संरक्षण

९०. गाउँपालिकामा रहेका नदीउकास जग्गा, सार्वजनिक जग्गा, खाली स्थान, गण्डक नहर तथा विभिन्न नदीहरुको आसपासका खाली जग्गाहरुमा भु–संरक्षणको लागि सरोकारवाला संग साझेदारी तथा जनसहभागितामा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ रभू-उपयोग नीति अवलम्बन गरी भूमिको संरक्षण गरिने छ ।वातावरण संरक्षण गरी जलवायु परिवर्तनको दुश्प्रभाव न्युनीकरण गर्न प्रत्येक वडा अन्तर्गतखाली जग्गाहरु, सडककोदाया बायाँ, घरहरुमा समेत वृक्षारोपण गरी गाउँपालिकलाई सुन्दर र हरियाली गाउँपालिका निर्माणमा जोड दिईने छ ।

९१. राज्यको नाममा भएको सार्वजनिक सम्पति खोजबिन गरि तथ्याङ्क लिई त्यसको उचित प्रयोग गरिनेछ र सडकको दायाँ बायाँ खाली जग्गा, सार्वजनिक बाझो तथा खाली जग्गामा वृक्षारोपण गरिनेछ साथै घर बनाउदा घर सम्पन्न गरीसकेपछि प्रत्येक घरले आफ्नो घरको क्षेत्रमा कम्तिमा एउटा रुख रोप्ने अभियानलाई अगाडी बढाइनेछ ।

९२. ट्युवेल र बोरिङ्ग जडान र खडेरीले पानीका मुहान र धर्ती भित्र पानी सुक्दै गएको हुदाँ सम्बन्धित निकायसंग समन्वय गरि गण्डक नहरलाई बार्है महिना संचालन गर्न पहल गरिनेछ र पुराना पानी कुलाहरु पनि सुचारु गरिनेछ।

### विपद व्यवस्थापन

९३. नदी नियन्त्रण तथा श्रोत संरक्षणका लागि तटवन्ध एवं वातावरण संरक्षणका लागि आवश्यक कार्यक्रमहरु क्रमश संचालन गरिनेछ ।विपद क्षेत्रको पहिचान एवं नक्शांकन गरी सोहि अनुसार चालु आर्थिक बर्ष भित्र विपद प्रतिकार्य योजना निर्माण र खुल्ला क्षेत्र पहिचान गरि विपद व्यवस्थापन गरिने छ ।

९४. विपदका पूर्व चेतावनी प्रणाली लगायत विपदका तिनै चरण समेट्ने गरी एक विपद व्यवस्थापन प्रणाली निर्माण गरिनेछ । गाउँपालिकामा भूकम्प, असिना, आगोलागी, बाढी, सर्पको टोकाई, चट्टयांग, जंगली जनावरको आक्रमण एवम बिभिन्न दुर्घटनामा परेका व्यक्तिहरुलाई राहत प्रदान गर्न**स्थानीय विपद व्यवस्थापन आकस्मिक कोष**लाई व्यवस्थित गरिनेछ र स्थानीय आपतकालीन संचालन केन्द्रलाई संस्थागत गरिनेछ ।

९५. वर्षायाममा नदीको अधिक जल प्रवाहबाट हुने नदी नजिकका बस्तीहरुको जोखिम न्यूनिकरण गर्न खोला र नदी सरसफाई गरि त्यसबाट निस्किने नदीजन्य पदार्थलाई व्यवस्थापन गरिनेछ ।बाढीप्रभावित क्षेत्रका जोखिम पूर्ण बस्तीहरुको पहिचान गरी विशेष सुरक्षा निगरानीमा राखिनेछ।विपद व्यवस्थापनको क्षेत्रमा सहयोग पुग्ने गरी स्वयम सेवकको दस्ता तयार पारी आवस्यक तालिम तथा उपकण प्रदान गर्ने निती लिइने छ ।

**फोहर मैला तथा ढल व्यवस्थापन**

९६. निषेधित क्षेत्र भित्र फोहोर फाल्ने कार्यलाई निरुत्साहित गर्नुको साथै अटेर गर्नेलाई कारवाहीको दायरामा ल्याइनेछ । गाउँपालिका क्षेत्रमा सरसफाई अभियानको रुपमा संचालन गर्ने, आफ्नो घर टोल क्षेत्र सरसफाई राख्न अभिप्रेरित गर्ने र प्रतिस्पर्धात्मक चेतनामुलक कार्यक्रमहरु संचालन गर्न टोल विकास समिति मार्फत सम्पूर्ण टोल बासीहरु तथा स्थानीय संघ संस्थाहरुलाई परिचालन गरिनेछ । वर्षको एक पटक सरसफाई सप्ताह कार्यक्रमलाई सञ्चालनमा ल्याइनेछ । जसले फोहोर गर्छ, उसैले सफा गर्नु पर्छ भन्ने नीतिलाई अवलम्वन गरिनेछ ।

९७. ढल व्यवस्थापन कार्यलाई सहज बनाउन प्रत्येक नयाँ सडकको दायाँ बायाँ नाली निर्माणलाई अनिवार्य गरिनेछ । सडक कालोपत्रे तथा स्तरोन्नती कार्यमा समेत नाली निर्माणलाई समावेश गरिनेछ। फोहोर मैला व्यवस्थापन कार्यका लागि ल्याण्ड फिल साइड (Land Fill Site) को डि.पि.आर. अनुसारको संरचना निर्माण गरिनेछ ।

## सभाका सदस्य ज्यूहरु

**५.संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन प्रवर्धन**

९८. **"सुशासनमा अभिवृद्धि एकडाराको सम्बृद्धि भन्ने नारा "** लाई सफल पार्न गाउँपालिकामा सेवा प्रवाहको समग्र पक्रिया सहितको **डिजिटल नागरिक वडापत्र चालु आर्थिक बर्षमा व्यवस्था** गरी गुनासो र उजुरी सुनुवाईको व्यवस्था मिलाइनेछ। सवै वाडा कार्यलयहरु,**बिध्यालयहरु**मा गुनासो पेटिका तथा सुचना अधिकारी तोकिने छ ।

९९. गाउँपालिका भित्र रहेका सबै शाखा प्रमुख, कार्यालय प्रमुख, सामुदायिक विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रमुखहरु र वडा सचिवहरु संग कार्यसम्पादन सम्झौता गरिने छ र कर्मचारीहरुको कार्य सम्पादन

मुल्याङ्कन मापदण्ड तयार गरी २०८२ साल श्रावण १ गते देखी प्रोत्साहान भत्ताको व्यवस्थालाई निरन्तरता प्रदान गरिने छ र स्वास्थ्यकर्मीहरुलाई जोखिम भत्तालाई निरन्तरता दिइनेछ र **स्थानीय तह संस्थागत क्षमता स्व-मुल्यांकन(LISA)** र **वित्तिय सुशासन जोखिम मुल्यांकन (FRA)**लाई व्यवस्थित गरी यसका सूचकहरुलाई पुरा गर्ने सम्बन्धित कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराइने छर समयपालना नगर्ने, आदेश र निर्देशनलाई नमान्ने, समयमा काम नगर्ने कर्मचारीहरुको सो बराबरको तलब कट्टा गरिनेछ ।

१००. सम्पूर्ण शाखाबाट सम्पादन हुने विभिन्न कार्यक्रमहरु संचालन गर्दा जनप्रतिनिधिहरुसंग समन्वय गरि संचालन गर्ने व्यवस्था गरिनेछ, समन्वय नगरि कार्यक्रम संचालन गरेमा सोको जिम्मेवारी कार्यक्रम संचालन गर्ने कर्मचारी वा शाखाले लिने व्यवस्थालाई अनिवार्य गरिनेछ।

१०१. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रभावलाई गुणस्तरिय जनमैत्री बनाइनेछ र जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासको लागि उचित तालिम प्रदान गरिनेछ ।

१०२. आगामी आर्थिक बर्ष बाट दरबन्दी भित्रका कर्मचारीहरुलाई बर्षमा अधिकतम १० दिनको पर्यटन काज प्रदान गर्ने निती अंगिकार गरिने छ । १० दिन बराबरको पर्यटन काज बापतको दैनिक भत्ता रकम तथा सो वापत आउदाँ जादांको समयमा लाग्ने आतेजाते खर्चको भुक्तानी नेपाल सरकारको भ्रमण खर्च नियमावली अनुसार बहन गरिने छ । एकै पटक कार्यलयको सेवा प्रवाहामा समस्या आउने गरी **सबै कर्मचारी पर्यटन काजमा जाने गरी भ्रमण स्विकृत गरिने छैन** ।

१०३. कार्यलयमा कार्यरत कर्मचारीहरुमा दिर्ध रोगलागी उपचार गर्नु पर्ने अवस्था भएमा तथा उपचार खर्च धेरै लाग्ने अबस्था भएमा कार्यलयबाट पचास हजार सम्म आर्थिक साहायता प्रदान गरिने छ ।

१०४. गाउँपालिका कार्यलयमा कार्यरत कर्मचारीहरुको सेवा प्रवाहालाई उत्तप्रेणामुखी तुल्याउन कार्यलयको तर्फबाट इन्धन व्यवस्थापन गर्नु उत्तम हुने देखीएकाले आगामी आर्थिक बर्ष बाट इन्धन वापत प्रती महिना नगदै रकम प्रदान गर्ने निती अंगिकार गरिने छ ।

१०५. गाउँपालिका बाट प्रवाहा हुने सेवालाई परिणाम मुखी तुल्याउन **कर्मचारीको सेवा प्रवाहा प्रतीको मनोवल तथा उत्प्रेणालाई उच्च राख्न एवं गाउँपालिका कार्यलयमा कार्यरत साखा प्रमुख कर्मचारीहरुलाई सञ्चार सुबिधाप्रत्यक महिना प्रदान गरिने छ ।**

## सभाकासदस्यज्यूहरु

१०६. सेवा प्रवाहलाई व्यवस्थिता बनाउन वडा कार्यालय नभएका स्थानमा वडा कायालर्य भवन निर्माण र **गाउँपालिकाको प्रशासकीय भवन निर्माण** कार्यलाई तिब्रता दिइनेछ ।

१०७. नगर विकास कोष नगरपालिकामा मात्र कार्यक्षेत्र रहेकोमा सघीय सरकारको निर्णय अनुसार गाउँपालिकामा समेत विस्तार गर्ने नीति अनुरुप सघीय सरकारको समन्वयमा नगर विकास कोष संग अनुदान रकम माग गरी योजना आयोजना संचालनमा जोड दिइने छ ।

१०८. एकडारा गा.पा. भित्र कार्यक्रम संचालन गर्ने गैर सरकारी संस्थाहरुले गाउँसभा हुनुपुर्व आफ्नो बजेट तथा कार्यक्रम गाउँसभामा पेश गर्नु पर्ने र कार्यक्रम संचालन गर्नु पुर्व यस गाउँपालिकाको अनिवार्य सहमती लिनुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्ने नीति लिइनेछ। कुनै पनि गैर सरकारी संस्था वा सरकारी कुनै कार्यक्रम मार्फत कुनै व्यक्ति वा संस्थाले कुनै पनि कार्यक्रम गर्न वा वितरण गर्न गाउँपालिकाको समन्वय विना पूर्ण रुपमा रोक लगाइनेछ।

१०९. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्दै **सुशाशित गाउँपालिका निर्माण गरिने छ ।**

११०. जिन्सी तथा खरिद प्रक्रियालाई विधुतीय प्रणाली (PAMS) मार्फत एकद्वार प्रणालीलाई कडाइका साथ लागु गर्ने र लेखा प्रणाली क्रमशः विधुतीय भुक्तानीमा जोड दिई विधुतीय लेखा श्रेस्ताको विकास गरिने छ । **आन्तरिक नियन्त्रण प्रणाली तथा बेरुजु फछ्र्योट कार्ययोजना २०८१।८२ लागु गर्ने तथा सो मुताविक कार्य सम्पादन गरी शुन्य बेरुजु युक्त गाँउपालिका निर्माण गरिने छ ।**

१११. गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुका लागि उचित पारिश्रमिक तोक्ने र स्थायी कर्मचारीहरुको लागि **कर्मचारी कल्याण कोष संचालन कार्यविधि** र अस्थायी करार शिक्षक तथा कर्मचारीहरुका लागि **सम्पूर्ण अन्य करार कर्मचारी कल्याणकोष** स्थापना गरी कार्यविधि समेत बनाई कार्यान्वयनमा ल्याइने छ ।

## कानुन र न्याय

११२. असहाय र अन्यायमा परेकाहरुलाई निःशुल्क कानुनी परामर्श दिने र न्याय दिलाउन सहयोग गरिनेछ। घरदैलोमै न्याय भन्ने मान्यतालाई अंगिकार गरी न्यायिक समितिलाई थप शशक्त र व्यवस्थित बनाइनेछ। गाउँपालिकामा कानुनी सलाहकारको व्यवस्था गरिनेछ र गाउँपालिकालाई आवश्यक पर्ने कानुन, नीति नियम, कार्यविधि निर्माण गरिदै लगिनेछ । न्याइक समितीको कार्य प्रकृयालाई सरलिकृत तुल्याई छिटो छरितो न्याइक निरुपणलाई प्रोस्थाहन गरिने छ ।

## योजना छनौट तथा कार्यान्वयन

११३. योजना छनोट प्रक्रियालाई बटम अप एप्रोच (Bottom up Approach) नीति अपनाइनेछ । गाउँपालिकामा संचालन हुने योजनाहरु समयमै सम्पन्न गर्न, गुणस्तरमा वृद्धि गर्न योजना तथा कार्यक्रम कार्यान्वयन समय तालिकामा निर्माण गरी सो अनुसार कार्यान्वयन गरिनेछ र उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान गरिनेछ ।

११४. खोला र नदी सरसफाई गरि सो बाट निकालिएको माटोलाई गाउँपालिकाको योजनाहरुमा प्रयोग गरिनेछ र वडा तथा गाउँपालिकाका भौतिक पुर्वाधार तर्फका योजनाहरु टेन्डर प्रक्रियाबाट कार्यान्वयन गर्न जोड दिइनेछ ।

## सुरक्षा व्यवस्थापन

**११५.** सूरक्षा निकायसंगको समन्वय र सहकार्यमा **"सुरक्षित एकडारा"** कार्यक्रम अगाडि बढाइनेछ। सामान्य सुरक्षा व्यवस्थापन कार्यका लागि नगर प्रहरी नियुक्त गरिनेछ। लागुपदार्थ, धुम्रपान, मद्यपान र मनोद्विपक पदार्थ सेवनलाई निरुत्साहित गर्न आवश्यक कार्य अघि बढाइनेछ

**<u>अन्तरपालिका, राष्ट्रिय र अन्तराष्ट्रिय सहयोग, सहकार्य, समन्वय र सम्बन्ध विस्तार</u>**

**११६.** गाउँपालिकाको समग्र विकासलाई केन्द्रमा राखी अन्तरपालिका, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पालिकाहरुसंग भगीनी सम्बन्ध र सरकारी, गैरसरकारी संघ संस्था बीच संस्थागत सम्बन्ध विस्तार गरिनेछ । अन्तरपालिका, राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी संघ संस्थाको सहयोग लिने दिने र संस्थागत सम्बन्ध विस्तार गरी आर्थिक तथा प्राविधिक सहयोग लिई सम्बन्ध विस्तार गर्ने नीति लिईनेछ र संस्थागत संयन्त्र र कार्यालय समेत स्थापना गरिनेछ ।

**११७.** **"शिक्षा, स्वास्थ्य, कृषि सहितको समग्र विकास, अब रच्नेछ एकडाराले नयाँ इतिहास"** भन्ने सोचका साथ गाउँपालिकाको पर्यटन, शिक्षा, खेलकुद, स्वास्थ्य, संस्कृति, कृषि, विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, एकिकृत कानून निर्माण, प्राविधिक जनशक्ति, दमकल, विकास उपकरण, निर्माण उपकरण तथा एकीकृत विकासमा अन्तरपालिकाहरु बीच समन्वय र सहकार्य गरिनेछ र संस्थागत रुपमा प्राविधिक तथा सांस्कृतिक सहयोग आदान प्रदान गरिनेछ।

**११८. गाँउपालिकाको आगामी आर्थिक बर्ष २०८२।८३ को आय अनुमान**

**क. बित्तीय समानीकरण संघिय सरकारः रु.६७३९०००० ।-**

**ख. राजश्व बाडफाड संघिय सरकारः रु.५१६६७०५०।–**

**ग. सर्शर्त अनुदान चालु संघिय सरकारः रु.१३९८०००००।–**

**घ. सर्शर्त अनुदान पुजिंगत संघिय सरकारः रु.७१०००००।–**

**ङ. बिषेस अनुदान संघिय सरकारः रु.७५०००००।–**

**च. समपुरक अनुदान संघिय सरकारः रु.१४००००००।–**

**छ. आन्तरिक आय अनुमानित संघिय सरकारः रु.३००००००००।–**

**ज. बित्तिय समानिकरण अनुदान प्रदेश सरकारः रु.६७३९०००।–**

**झ. सर्शर्त अनुदान चालु वा पूंजीगत प्रदेश सरकारः रु.९५०००००।–**

**ञ. बिषेस अनुदान प्रदेश सरकारः रु.३००००००।–**

**ट.** समपुरक अनुदान प्रदेश सरकारःरु.२०००००० ।–

कुल जम्माः रु.३३८६९६०५० ।–

**धन्यवाद**

**अध्यक्ष**

**दिपनारायण मन्डल**

**एकडारा गाउँपालिका**